# गण्डकी प्रदेश सभा

## नवौँ अधिवेशन

## बैठक संख्या -२

## सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति २०८२ साल चैत्र ८ गते, आइतबार**

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले इस्लाम धर्मावलम्बीहरुको महान पर्व ईद (ईद-उल-फित्र) को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका उक्त धर्मावलम्बी नेपाली दाजु भाई दिदी बहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले विश्वभर प्रत्येक वर्ष मार्च २१ मा मनाइँदै आएको अन्तराष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो । शुन्य समयमा माननीय दमयन्ती रुचाल, माननीय दिलमाया पौ.वि, माननीय नन्दकला दमै नेपाली, माननीय भक्त बहादुर कुँवर, माननीय भिम बहादुर कार्की, माननीय महेश भट्टराई, माननीय लिल बहादुर थापामगर, माननीय श्यामराजा महत र माननीय हरि बहादुर भण्डारीले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात माननीय सभामुखले गण्डकी प्रदेश सभाको अधिवेशन प्रारम्भको अवसरमा सभामा प्रतिनिधित्व गर्ने दलहरुको तर्फबाट दलीय आधारमा प्राप्त हुन आएको नामावली अनुसार माननीय सदस्यहरुलाई सभामा सम्बोधन गर्न समय उपलब्ध गराउनुभएकोमा माननीय महेन्द्रध्वज जि.सी, माननीय हरि बहादुर चुमान र माननीय खगराज अधिकारीले सभालाई सम्बोधन गर्नुभयो ।

तत्पश्चात भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका माननीय मन्त्री प्रकाश बहादुर के.सी.ले “गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक” सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तदनन्तर सभाको अर्को बैठक मिति २०८२ साल चैत्र ९ गते विहान ११:०० बजे बस्नेगरी बैंठक अपरान्ह ३:१० बजे स्थगित भयो।

......................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव